# प्रेस विज्ञप्तिः भारतीय सेना दिवस

७३ औं भारतीय सेना दिवसको शुभ अवसरमा २०७७ माघ ७ गते नेपालस्थित भारतीय राजदूतावासले एक कार्यक्रमको आयोजना गर्‍यो । सो कार्यक्रममा भारतीय सेनाका मानार्थ महारथी तथा 'प्रसिद्ध प्रवल जनसेवा श्री' बाट सम्मानित नेपाली सेनाका प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापा प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो । उक्त कार्यक्रममा नेपालका लागि भारतीय राजदूत महामहिम श्री विनय मोहन क्वात्राले भारतीय र नेपाली सेनाबीच ऐतिहासिक सम्बन्ध रहेको र यसले दुवै देशलाई भातृत्व सम्बन्धको कसिलो बन्धनमा बाँधेको बताउनु भयो । उहाँले भारतीय सेनामा गोरखा सैनिकहरुले देखाएको निःस्वार्थ सेवा तथा बलिदानीप्रति कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले अवकाश प्राप्त पेन्सनवाला भारतीय सैनिक तथा नेपालमा बसोबास गरिरहेका उनीहरुको परिवारहरुको सेवा गर्न भारत सदैव प्रतिबद्ध रहेको कुरा दोहोर्‍याउनुभयो । 'प्रसिद्ध प्रवल जनसेवा श्री' बाट सम्मानित नेपाली सेनाका प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाले भारतीय सेना दिवसको अवसरमा भारतीय सेना प्रमुख जनरल एमएम नरवणेलाई शुभकामना सन्देश दिनुभयो। उहाँले भारतीय सेनाको वीरता, साहस र त्यागको प्रशंसा गर्दै भारतीय सेनाले नेपाली सेनाको आधुनिकिकरणमा पुर्‍याएको सहयोगको सराहना गर्नुभयो। यस अवसरमा भारतीय सेनाका वीरता पुरस्कार विजेता गोर्खा सैनिकहरुलाई महारथी थापाले सम्मान गर्नुभयो।

Click here for English version